| ऐन संख्या :- | ११ |
|---|---|

# सामाजिक संस्था ऐन, २०७६

**सभाबाट पारित मिति :- २०७६।१०।०२**

**छथर जोरपाटी गाउँपालिका**

**धनकुटा जिल्ला**

**१ नं. प्रदेश**

# <u>सामाजिक संस्था ऐन, २०७६</u>

**<u>प्रस्तावनाः</u>** स्थानीय नागरिकहरुको संघ संस्था खोल्न पाउने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैर सरकारी संस्थाको स्थापना, दर्ता, नियमन तथा व्यवस्थापनलाई प्रभावकारी, जवाफदेही र पारदर्शी वनाउँदै नागरिक समाजलाई सामाजिक विकास कार्यमा संलग्न गराउन त्यस्तो संस्थाको लगानी र भूमिकाबाट यस गाउँपालिकाको विकास र समृद्धिलाई सार्थक तुल्याउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, प्रदेश नं. १ को सामाजिक विकास संस्था ऐन, २०७५ को दफा ३(१) को व्यवस्थालाई प्रयोग गर्न र स्थानीय सरकार सञ्चालन ऐन(पहिलो संशोधन), २०७५ को दफा ११(५) र छथर जोरपाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी छथर जोरपाटी गाउँपालिकाको छैठौं गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सामाजिक संस्था ऐन,२०७६" रहेकोछ ।

(२) यो ऐन छथर जोरपाटी गाउँपालिकाले राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन छथर जोरपाटी गाउँपालिकाभर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ऐनमाः-

(क) "अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्तर्राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम मान्यता प्राप्त अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ख) "कार्य समिति" भन्नाले विधान अनुसार गठन भएको संस्थाको कार्य समिति बुझ्नु पर्छ र सो शब्दले तदर्थ समिति समेतलाई जानउनेछ ।

(ग) "पंजिकाधिकारी" भन्नाले छथर जोरपाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई वा तोकिएको अधिकारी भन्ने सम्झनु पर्छ ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ३० बमोजिमको सामाजिक संस्था निर्देशक समिति सम्झनु पदर्छ ।

(ङ) "विधान" भन्नाले संस्थाको विधान सम्झनु पर्छ ।

(च) "विनियमावली" भन्नाले संस्थाको विनियमावली सम्झनु पर्छ ।

(छ) "विदेशी गैर सरकारी संस्था" भन्नाले विदेशी राज्यको कानून बमोजिम दर्ता वा स्थापना भएको गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले संस्थाको साधारण सदस्य, आजिवन सदस्य वा विधानमा तोकिए वमोजिमको अन्य कुनै किसिमको सदस्य सम्झनु पर्छ ।

(झ) "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, वौद्धिक, अनुसन्धानमूलक, शारिरीक, व्यावसायीक, परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै संघ, संस्था, कल्व, परिषद, संगठन, समिति, मञ्च, केन्द्र, फाउन्डेशन आदी जुनसुकै नाम दिईएको संस्था सम्झनु पर्छ र सो शब्दले संस्थाहरुको महासंघ वा विदेशी मुलुकसँग जनमैत्री वा साँस्कृतिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले स्थापना हुने मैत्री संघ वा साँस्कृतिक संघ समेतलाई जानाउनेछ ।

(ञ) "साधारण सभा" भन्नाले दफा १७ वमोजिमको संस्थाको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## संस्थाको स्थापना, दर्ता तथा सञ्चालन

### ३. संस्था स्थापना गर्ने नागरिक स्वतन्त्रताः

(१) छथर जोरपाटी गाउँपालिकावासी प्रत्येक नेपाली नागरिकलाई यस ऐन वा प्रचलित कानूनको अधिनमा रही सामाजिक संघ संस्था खोल्ने, स्थापना गर्ने र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ ।

(२) उपदफा (१) वमोजिमको स्वतन्त्रता प्रयोग गर्दा नागरिकले यस ऐन वा प्रचलित कानून वमोजिमको सुविधा, सहुलियत र छुट प्रयोग गर्न सक्ने र कर्तव्यको पालना तथा दायित्व निर्वाह गर्नु पर्नेछ ।

### ४. संस्थाको सदस्यता प्राप्त गर्नेः

छथर जोरपाटी गाउँपालिकावासी प्रत्येक नागरिकलाई यस ऐनको अधिनमा रही कुनै पनि संस्थाको सदस्यता प्राप्त गर्ने, त्यस्तो संस्थाको सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो संस्थाको सदस्यता अन्य नागरिकलाई वितरण गर्ने वा त्यस्तो संस्थाको

सञ्चालनको प्रयोजनका लागि कानून वमोजिम कुनै स्रोत वा रकम संकलन गर्ने स्वतन्त्रता हुनेछ ।

**५. संस्था दर्ता गराउनु पर्ने:**

(१) दफा ३ वमोजिम कुनै संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले त्यस्तो संस्था पञ्जिकाधिकारी समक्ष दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम पञ्जिकाधिकारीबाट संस्था दर्ता भएमा संस्था स्थापना भएको वा खोलिएको मानिनेछ । यसरी दर्ता भएको संस्थाको विवरण(नाम, ठेगाना, उद्देश्य र कार्यक्षेत्र) १ नं. प्रदेशको सामाजिक विकास परिषदमा तोकिए वमोजिम पठाईनेछ ।

(३) संस्था दर्ता वा नवीकरण वापत लाग्ने शूल्क छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए वमोजिम हुनेछ ।

**६. सूचिकृत हुनुपर्ने:**

(१) एक भन्दा बढी स्थानीय तहमा वा प्रदेशमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सवै संस्थाहरु यो ऐन लागु भएको मितिले १ वर्ष भित्र तोकिए वमोजिम यस गाउँपालिकामा अनिवार्य सूचिकृत हुनु पर्नेछ र यस दफा वमोजिम सूचिकृत नभएमा त्यस्तो संस्थालाई यस गाउँपालिका क्षेत्र भित्र कुनै पनि कार्यक्रम सञ्चालन गर्न अनुमति दिईने छैन् ।

(२) यस गाउँपालिकामा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेश वा गाउँपालिकामा भएको संस्थाले कार्यक्रम स्विकृत हुनु पूर्व सूचिकृत हुनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) वमोजिम सूचिकृत नहुने संस्थालाई गाउँपालिकामा कार्य गर्न निर्देशक समितिको अनुमति दिईने छैन ।

तर यस दफा वमोजिम सूचिकृत नभएको कुनै संस्थाले सामाजिक विकासको क्षेत्रमा महत्वपूर्ण योगदान गर्न सक्ने निर्णय गरी कुनै संस्थालाई अनुमति दिन निर्देशक समितिले सिफारिस गरेमा सो संस्थालाई गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

**७. स्विकृति लिनुपर्ने:**

(१) दफ ६ वमोजिम सूचिकृत हुने संस्थाले गाउँपालिकामा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नु परेमा प्रचलित कानूनका अतिरिक्त गाउँपालिकाको समेत पूर्व स्विकृति लिन निर्देशक समिति मार्फत प्रस्ताव पेश गर्नु पर्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि "योजना" भन्नाले ६ महिना भन्दा बढी अवधिका परियोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

(२) उपदफा (१) वमोजिम प्रस्ताव पेश गर्दा संस्थाले देहाय वमोजिम खुलाउनु पर्नेछः

(क) प्रस्तावित योजनाको अवधारणा, लक्ष्य, उद्देश्य, मुख्य क्रियाकलाप र अपेक्षित प्रतिफल,

(ख) गाउँपालिकाको नीति तथा कार्यक्रमको साथै प्राथमिकतासँग प्रस्तावित योजनाको सम्बन्ध,

(ग) योजना अवधिको मुख्य क्रियाकलापहरुको लागत सहित कुल लागत रकम र सो रकम खर्च गर्ने संस्थाको आर्थिक स्रोत साधन प्राप्तिको सम्झौता,

(घ) आवश्यक पर्ने भौतिक स्रोत साधनको वितरण तथा खरिद प्रकृया,

(ङ) आवश्यक पर्ने जनशक्ति र त्यस्तो जनशक्तिको प्रकार एवं नियुक्तिको प्रकृया,

(च) लैङ्गिक समानता, सामाजिक समावेशिकरण सम्बन्धी नीति,

(छ) निर्देशक समितिको सिफारिस,

(ज) योजना सम्पन्न भएपछि दिगोपना कायम गर्ने उपायहरु,

(झ) लक्षित समूहको संख्या, प्रकृति र अवस्था,

(ञ) कार्यक्रम सञ्चालन हुने स्थान,

(ट) अनुगमन मूल्याङ्कन विधि,

(ठ) अभिलेखिकरण प्रकृया,

(ड) तोकिए वमोजिमको अन्य आवश्यक विषयहरु।

(३) उपदफा (२) वमोजिम प्रस्ताव पेश गर्ने संस्थालाई प्राप्त विवरणको जाँचबुझ गरी सामान्यतया १५ दिन भित्र स्विकृति दिन सकिनेछ।

(४) उपदफा (३) वमोजिम थप विवरण प्राप्त भएमा सामान्यतया सात दिन भित्र निर्देशक समितिले स्विकृति दिनेछ।

**८. संस्था दर्ता गराउन निवेदन दिनेः**

(१) संस्था खोल्न वा स्थापना गर्न चाहने छथर जोरपाटी गाउँपालिकाको नेपाली नागरिकले देहायको विवरण सहित दर्ता गर्नको लागि पंजिकाधिकारी समक्ष अनुसूची - १ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ:

क) संस्थाको नामः

ख) संस्थाको प्रमुख उद्देश्यः

ग) संस्थाको कार्यक्षेत्रः

घ) संस्थको आयस्रोतः

ङ) प्रारम्भिक साधारण सभा/भेलाको निर्णयको प्रतिलिपिः

च) संस्था दर्ता गराउनका लागि तदर्थ समिति गठन भएको वा नभएको विवरणः

छ) तदर्थ समिति गठन भएको भए त्यस्तो समितिका पदाधिकारीको नामावलीः

ज) संस्था दर्ता गरी पाउँ भनि तदर्थ समितिको निर्णको प्रतिलिपि।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछः

क) संस्थाको प्रस्तावित विधानको दुई प्रति सक्कल,

ख) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकको नागरिकताको प्रमाणपत्र, नावालिग भए नेपाली नागरिक भएको प्रमाणित गर्ने कुनै परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

ग) संस्थाको पहिचान जनाउने कुनै चिन्ह भए त्यसको नमूना,

घ) संस्थाको स्थापना गर्न चाहने नेपाली नागरिकले प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नु पर्ने कर बाँकी नरहेको लिखित उद्धघोष,

ङ) संस्था स्थापना नभएसम्मका लागि व्यवस्थापन कार्य सम्पादन गर्ने तदर्थ समितिका पदाधिकारीको रुपमा रहने व्यक्ति र त्यस्ता व्यक्तिको मंजुरी

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा पंजिकाधिकारीले आवश्यक अध्ययन र जाचँबुझ गरी निवेदन प्राप्त भएको सात दिनभित्र संस्था दर्ता गर्न सकिने राय सहित निर्देशक समितिमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अध्ययन वा जाचँबुझ गर्दा प्रस्तावित संस्थाको उद्देश्य वा काम कारवाईका सम्बन्धमा कुनै कुरा स्पष्ट गर्न आवश्यक भएमा पंजिकाधिकारीले सम्बन्धित निवेदकलाई आग्रह गर्न वा कुनै कागजात माग गर्न सक्नेछ र त्यसरी कुनै कागजात माग भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो कुरा स्पष्ट गर्नु वा माग बमोजिमको कागजात उपलब्ध गराउनु पर्नेछ। सो का आधारमा निर्देशक समितिले दर्ता गर्न सकिने वा नसकिने निर्णय गरी पञ्जीकाधिकारीलाई अख्तियारी दिनु पर्दछ।

(५) उपदफा (४) बमोजिम निर्देशक समितिको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसको जानकारी पाएको पन्ध्र दिन भित्र न्यायिक समितिमा र पैतीस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**९. संस्था दर्ता गर्न इन्कार गर्न सकिने:**

(१) देहायको अवस्थामा पंजिकाधिकारीले संस्था दर्ता इन्कार गर्न सक्नेछ।

(क) संस्थाको कार्यक्षेत्र छथर जोरपाटी गाउँपालिका देखि अन्यत्र देखिएमा,

(ख) संस्थाको नाम, चिन्ह, उद्देश्य वा काम कारवाही मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय एकता वा राष्ट्रिय स्वाधिनता प्रतिकूल हुने देखिएमा,

ग) संस्थाको नाम, उद्देश्य वा काम कारवाही नेपालको संविधान वा प्रचलित कानून विपरित भएमा वा दफा २१ बमोजिम संस्थाले गर्न नहुने वा गर्न नसक्ने कामसँग सम्बन्धित देखिएमा,

घ) संस्थाको उद्देश्य वा काम कारवाही सर्वसाधारणको शिष्टता, मर्यादा, सदाचार वा सार्वजनिक नैतिकता प्रतिकूल भएको देखिएमा,

ङ) संस्थाको नाम संस्था दर्ताको लागि दफा ८ बमोजिम निवेदन दिनु भन्दा अघि नै दर्ता भइसकेको अन्य कुनै संस्थाको नामसँग हुबहु मिलेको वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने वा द्विविधा पार्ने प्रकृतिको भएमा,

च) दफा ८ को उपदफा (४) बमोजिमको कागजात वा विवरण उपलब्ध नगराएमा।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था उत्पन्न भएको कारणले संस्था दर्ता गर्न नसकिने भएमा पंजिकाधिकारीले सोको कारण खुलाई त्यस्तो अवस्थामा सुधार गरी विधानको मस्यौदा पेश गर्न पन्ध्र दिनको समय दिनेछ र सो बमोजिम सुधार गरेको विवरण पेश भएपछि निर्देशक समितिको निर्णयमा पंजिकाधिकारीले संस्था दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरण पेश नभएमा त्यस्तो निबेदन स्वत: निष्कृय हुनेछ।

**१०. संस्था दर्ताको प्रमाणपत्र:**

(१) दफा (८)को उपदफा (४) वा दफा ९ को उपदफा (२) बमोजिम निर्देशक समितिले संस्था दर्ता गर्ने निर्णय गरेमा निवेदकले तोकिए बमोजिमको संस्था दर्ता शुल्क बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाएमा पंजिकाधिकारीले संस्था दर्ता गरी अनुसूची - २ मा तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र र निजले प्रमाणित गरेको एक प्रति विधान निवेदकलाई फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रमाणपत्र देखिने गरी संस्थाको कार्यालयमा राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भएमा संस्था स्थापना भएको मानिनेछ र संस्थाले यस ऐन वा प्रचालित कानून बमोजिम सामाजिक कार्य गर्न वा गराउन सक्नेछ।

**११. संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्ने:**

(१) यस ऐन वमोजिम दर्ता भएको संस्था कानूनी व्यक्ति हुनेछ।

(२) उपदफा (१) वमोजिमको संस्था एक स्वायत्त संस्था हुनेछ र सोही हैसियतमा यस ऐन वा प्रचलित कानून वमोजिम प्राप्त गर्ने अधिकार, सुविधा र छुट प्रयोग गर्न, जिम्मेवारी र दायित्व निर्वाह गर्न र कर्तव्यको पालना गर्न सक्नेछ।

**१२. संस्थाको विधान:**

(१) आफ्नो उद्देश्य सुनिश्चित गरी कार्यान्वयन गर्न, संस्थाको कार्य सम्पादन र आन्तरिक काम कारवाहीलाई सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक संस्थाको एक विधान हुनेछ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा वाहेक संस्था दर्ता भएपछि स्वतः विधान प्रारम्भ भएको मानिनेछ।

(३) विधान सदस्यहरुको लागि एक बाध्यात्मक लिखत दस्तावेज हुनेछ र यसको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) विधानमा अनुसूची - ३ मा उल्लेखित विषयहरु समावेश भएको हुनु पर्नेछ।

(५) संस्थाले यो ऐन, प्रचलित कानून तथा विधानको अधिनमा रही संस्थाको कार्य सम्पादन सम्बन्धी कार्यविधिगत विषयहरु निर्धारण गर्न आवश्यक विनियमावली बनाउन सक्नेछ।

**१३. विधान संशोधन:**

(१) संस्थाको तत्काल कायम रहेका कूल सदस्य मध्ये कम्तिमा दुई तिहाई सदस्य उपस्थित भएको साधारण सभाको बैठकमा उपस्थित संख्याको कम्तिमा दुई तिहाई बहुमतबाट विधानको संशोधन पारित हुन सक्नेछ।

(२) उपदफा (१) वमोजिम पारित भएको विधानको संशोधन स्वीकृतिका लागि पञ्जिकाधिकारी समक्ष निवेदन पेश गर्नु पर्छ।

(३) उपदफा (२) वमोजिम पेश भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ९ बमोजिम इन्कार गर्न सकिने प्रकृतिको भएको नदेखिएमा पञ्जिकाधिकारीले निवेदन प्राप्त भएको एक्काईस दिनभित्र संशोधन स्वीकृत भएको लिखित जानकारी संस्थालाई दिनु पर्नेछ।

(४) उपदफा ३ वमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अंग हुनेछ र स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ हुनेछ।

**१४. संस्थाको नवीकरणः**

(१) दफा १० को उपदफा (२) वमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाण-पत्र जुन आर्थिक वर्षमा दर्ता भएको हो सोही आर्थिक वर्षका लागि बहाल रहनेछ र त्यसपछि प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको कम्तिमा तीन महिना भित्र नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम नवीकरण गराएको प्रमाण-पत्र सोही आर्थिक वर्षका लागि मान्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले एकैपटक पाँच आर्थिक वर्षसम्मका लागि नवीकरण गराउन चाहेमा त्यस्तो संस्थाले बढीमा पाँच वर्षको लागि एकमुष्ट नवीकरण दस्तुर भुक्तानी गरी नवीकरण गराउन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी नवीकरण गराएको कारणले मात्र दफा २२ वमोजिम प्रतिवेदन पेश गर्ने जिम्मेवारीबाट त्यस्तो संस्थाले छुट पाएको मानिने छैन।

## परिच्छेद -३

## संस्थाको सदस्यता तथा संगठनात्मक स्वरुप

**१५. सदस्यताः**

(१) कार्य समितिले विधानको अधिनमा रही छथर जोरपाटी गाउँपालिकावासी नेपाली नागरिकलाई संस्थाको देहाय वमोजिमको कुनै सदस्यता वितरण गर्न सक्नेछः

(क) साधारण सदस्यता,

(ख) आजीवन सदस्यता,

(ग) विधानमा व्यवस्था भए वमोजिम अन्य कुनै किसिमको सदस्यता।

(२) कार्य समितिले संस्थाको साधारण सदस्यता वा अन्य कुनै सदस्यता वितरण गर्दा विधानको अधिनमा रही धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, उत्पत्ति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न सक्ने छैन।

(३) संस्थाले यस दफा वमोजिम वितरण गरेको सदस्यताको विवरण अद्यावधिक राख्नु पर्नेछ।

(४) सदस्यता वितरण तथा मतदान सम्बन्धी अन्य व्यवस्था संस्थाको विधान वमोजिम हुनेछ।

**१६. कार्य समितिः**

(१) सदस्यले साधारण सभाबाट आफू मध्येबाट विधानमा व्यवस्था भए वमोजिमका पदाधिकारी तथा सदस्य रहेको कम्तिमा सात जनाको एक कार्य समितिको निर्वाचन गर्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ मा व्यवस्था भएको तदर्थ समिति संस्था स्थापना भएपछि स्वतःकार्य समितिमा रुपान्तर हुनेछ र संस्थाको प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि सो हैसियतमा बहाल रहनेछ।

(३) यस ऐन वा विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम, कारवाही उपदफा (१) वमोजिमको कार्य समितिले गर्नेछ र संस्थाको तर्फबाट भएका काम कारवाही प्रति जवाफदेही हुनेछ ।

(४) उपदफा (१) वमोजिमको कार्य समिति समावेशी प्रकृतिको र त्यसका कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ।

(५) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य समितिका पदाधिकारी र सदस्यको पदावधि निजहरुले पदवहाली गरेको मितिबाट गणना हुने गरी तीन वर्षको हुनेछ।

(६) संस्थाले कार्य समितिका पदाधिकारी र सदस्य वा त्यसमा भएको हेरफेरको विवरण निर्वाचन वा त्यसरी हेरफेर भएको तीस दिन भित्र पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(७) कुनै एक संस्थाका कार्य समितिका पदाधिकारी र सदस्य समान उद्देश्य भएको अन्य संस्थाको कार्य समितिको पदाधिकारी र सदस्य रहन सक्ने छैन।

तर-

(१) त्यस्तो संस्थाको सदस्य हुन, मतदान गर्न वा संस्थाका अन्य काम, कारवाहीमा सहभागी हुन बाधा पर्ने छैन।

(२) कुनै कार्य समितिको पदाधिकारी वा सदस्य भएको कारणले त्यस्तो संस्थालाई प्रतिनिधित्व गर्ने महासंघ वा त्यसको पदाधिकारी हुन बाधा पर्ने छैन।

(८) पञ्जिकाधिकारीले उपदफा (५) वमोजिमको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ।

(९) कार्य समितिको बैठक सम्बन्धी कार्यविधि र कार्य समितिको अन्य काम, कर्तव्य र अधिकार विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

**१७. साधारण सभाः**

(१) प्रत्येक वर्ष कम्तिमा एक पटक संस्थाको साधारण सभा वस्नु पर्नेछ र त्यस्तो सभालाई वार्षिक साधारण सभा मानिनेछ।

(२) उपदफा (१) वमोजिमको साधारण सभामा संस्थाका सदस्यहरु उपस्थित हुन र सभाको बैठकमा सहभागी हुन सक्नेछन्।

(३) वार्षिक साधारण सभा बोलाउने तथा साधारण सभाको कार्यविधि, काम, कर्तव्य र अधिकार यसले सम्पादन गर्ने कामको कार्यविधि तथा त्यस सम्बन्धी अन्य व्यवस्था विधान तथा विनियमावलीमा व्यवस्था भए वमोजिम हुनेछ।

**१८. विशेष साधारण सभाः**

(१) संस्थाको विधानमा व्यवस्था भएको अवस्था र शर्तमा संस्थाको विशेष साधारण सभा बस्न सक्नेछ।

(२) विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार तथा त्यसको बैठक सम्बन्धी कार्यविधि विधान तथा विनियमावलीमा व्यवस्था भए वमोजिम हुनेछ।

## परिच्छेद - ४

## संस्थाको कार्य संचालन तथा त्यसको नियमन

**१९. संस्थाको कार्यक्षेत्रः**

(१) संस्थाले कार्य सम्पादन गर्ने भौगोलिक कार्यक्षेत्र विधानमा उल्लेख भए वमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई संचालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र आफ्नो विधान संशोधन गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ र त्यसको सूचना पञ्जिकाधिकारीलाई दिनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम सूचना नदिएमा त्यस्तो संस्थाको कार्यक्षेत्र स्वतः निष्कृय हुनेछ।

**२०. संस्थाले गर्न सक्ने कामः**

(१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न यो ऐन, प्रचलित कानून तथा विधानको अधिनमा रही आवश्यक काम गर्न सक्नेछ।

(२) संस्थाले उपदफा (१) वमोजिम उद्देश्यसँग निकटतम सम्बन्ध राख्ने अन्य आवश्यक काम पनि गर्न सक्नेछ।

**२१. संस्थाले गर्न नहुने र गर्न नसक्ने कामः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लिखिएको भए तापनि संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा खलल पार्ने,

(ख) मुलुकको विरुद्ध जासुसी गर्ने वा गराउने,

(ग) संस्थाको जानकारीमा आएको राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

(घ) नेपालको सुरक्षामा आँच पुर्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

(ङ) कानून वमोजिम राज्यद्रोह गर्ने,

(च) संघीय इकाई बीचको सुसम्बन्धमा खलल पार्ने,

(छ) जातिय वा साम्प्रदायिक विद्वेष फैलाउने,

(ज) विभिन्न जात, जाति, धर्म र सम्प्रादायबीचको सुसम्बन्धमा खलल पार्ने,

(झ) हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिंसाको प्रचार गर्ने वा गराउने।

(२) उपदफा (१) मा उल्लेख भएको कामका अतिरिक्त संस्थाले देहायका काम गर्न सक्ने छैनः

(क) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशा सञ्चालन गर्ने वा मुनाफा कमाउने वा मुनाफा वितरण गर्ने कुनै काम गर्ने गराउने,

स्पष्टिकरणः संस्थाले आफ्नो कोषको रकम बैंकमा जम्मा गरेको वा तत्काल संस्थालाई आवश्यक नपर्ने रकम कुनै लगानी गरेको वा यस ऐन वमोजिम सार्वजनिक कल्याणको लागि कुनै परियोजना कार्यान्वयन गरेको कारणबाट प्राप्त गर्ने मनासिव प्रतिफललाई व्यापार वा मुनाफा कमाएको मानिने छैन।

(ग) दलगत राजनीतिक  काम, कारवाही सञ्चालन गर्ने वा कुनै दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा गराउने,

(घ) उपदफा (१) मा लेखिएकोमा बाहेक प्रचलित कानून प्रतिकूल हुने अन्य कुनै काम गर्ने वा गराउने।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून वमोजिम लघुवित्त कार्यक्रम सञ्चालन गर्न अधिकारप्राप्त अधिकारीबाट अनुमति प्राप्त संस्थालाई त्यस्तो कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(४) संस्थाले वा संस्थाको तर्फबाट उपदफा (१) वा (२) वमोजिमको कुनै काम गरेको भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्बन्धित संस्थाको कार्य समितिका पदाधिकारी जिम्मेवार रहेन छन्।

(५) उपदफा (१) वा (२) वमोजिमको कुनै काम संस्था भित्र वा संस्थाका पदाधिकारी वा कर्मचारीले गरेको कुरा संस्थालाई जानकारी भएपछि सम्बन्धित संस्थाले त्यस्तो कामको सम्बन्धमा अधिकार प्राप्त अधिकारीलाई जानकारी गराएमा सम्बन्धित संस्थाले गरेको मानिने छैन।

**२२. वार्षिक  प्रतिवेदन पेश गर्नु पर्नेः**

(१) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिनाभित्र अघिल्लो वर्षमा त्यस्तो संस्थाले सञ्चालन गरेको काम, कारवाहीको वार्षिक प्रतिवेन पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख वा संलग्न गर्नु पर्नेछः

(क) संस्थाले सञ्चालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

(ख) खण्ड (क) वमोजिमको कार्यक्रम वा परियोजना सञ्चालन गर्दा लागेको रकम तथा त्यसको स्रोत,

(ग) खण्ड (क) वमोजिमको कार्यक्रम वा परियोजनाको सञ्चालनबाट प्राप्त लाभ तथा लाभग्राहीको विवरण,

(घ) संस्थामा संलग्न कर्मचारी र कामदार,

(ङ) संस्थाको आर्थिक प्रतिवेदन,

(च) अन्य आवश्यक विवरण।

## परिच्छेद-५

## विदेशी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था

**२३. अनुमतिपत्र प्राप्त गर्नु पर्नेः**

(१) छथर जोरपाटी गाउँपालिका भित्र काम गर्न वा कुनै परियोजना सञ्चालन गर्न चाहने कुनैपनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले त्यस प्रयोजनका लागि छथर जोरपाटी गाउँपालिकामा सूचिकृत हुन र अनुमति प्राप्त गर्नका लागि पञ्जिकाधिकारी समक्ष देहायको विवरण तथा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) सम्बन्धित संस्था कुन मुलुकमा दर्ता भएको हो सोको विवरण,

(ख) सम्बन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरिएको आधिकारिक अनुवाद,

(ग) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(घ) गर्न चाहेको काम वा सञ्चालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम,

(ङ) खण्ड (घ) वमोजिमको काम गर्न वा परियोजना सञ्चालन गर्न आवश्यक बजेट रकम र त्यसको स्रोत,

(च) सहकार्य गर्न प्रस्ताव गरिएको नेपालको कुनै संस्था।

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएमा पञ्जिकाधिकारीले यसको अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको तीन महिना भित्र निवेदन गर्ने विदेशी गैर

सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई कुनै काम गर्न वा परियोजना सञ्चालन गर्न, सूचिकृत गर्न वा अनुमति दिन सकिने वा नसकिने सो सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम निर्णय गर्दा पञ्जिकाधिकारीले त्यस्तो संस्थालाई अनुमति दिन नसकिने भएमा त्यसको कारण खुलाई सम्बन्धित संस्थालाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (२) वमोजिम पञ्जिकाधिकारीले सूचिकृत गर्न र अनुमति दिन सकिने गरी निर्णय गरेमा तोकिएको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ र सोको जानकारी परराष्ट्र मन्त्रालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) वमोजिम अनुमति प्रदान गर्दा पञ्जिकाधिकारीले मनासिव शर्त तोक्न सक्नेछ र त्यस्तो शर्त पालना गर्नु सम्बन्धित निवेदक संस्थाको कर्तव्य हुनेछ।

(६) यस दफा वमोजिम सूचिकृत हुन र अनुमतिपत्र प्राप्त गर्न निवेदक संस्थाले तोकिएको रकम अनुमति-पत्र दस्तुर वापत बुझाउनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा त्यस्ता संस्थाका प्रतिनिधि, पदाधिकारी वा कर्मचारीले नेपालमा कार्यसम्पादन गर्दा यो ऐन र प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(८) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो कार्यसम्पादन पूरा गरेको वा अन्य कुनै कारणले काम गर्न नसक्ने अवस्था भएमा त्यस्तो संस्थाको नेपालमा रहेको चल र अचल सम्पत्ति सम्बन्धित पक्षसँग भएको सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारमा हस्तान्तरण हुनेछ।

**२४. प्रयोजन बमोजिम रकम खर्च गर्नु पर्ने:**

(१) संस्थाले जुन प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी सरकार वा नेपाल स्थित विदेशी नियोग, अन्तर्राष्ट्रिय वित्तिय संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट रकम प्राप्त गरेको हो सोही प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरेको विवरण एक प्रति प्रतिवेदन पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद - ६

## पञ्जिकाधिकारीको काम कर्तव्य र अधिकार

**२५. पञ्जिकाधिकारीः**

(१) स्थानीय तहले यस ऐन वमोजिम संस्थाको दर्ता, नवीकरण, सूचिकरण, सञ्चालन र नियमन गर्नका लागि एकजना अधिकृत स्तरको कर्मचारीलाई स्थानीय पञ्जिकाधिकारीको रुपमा तोक्न सक्नेछः

(२) उपदफा (१) वमोजिमका अधिकारीले कुनै संस्था दर्ता गरेमा सम्बन्धित संस्थाको देहायको विवरण सहित दर्ता भएको सात दिन भित्र केन्द्रीय पञ्जिकाधिकारीको कार्यालयमा जानकारी गराउनु पर्नेछः

(क) संस्थाको नाम, दर्ता मिति र दर्ता नम्बर,

(ख) संस्थाको प्रमुख उद्देश्य,

(ग) संस्थाको कार्यक्षेत्र,

(घ) प्रवन्ध समितिका पदाधिकारीको विवरण।

(३) स्थानीय तहका संस्थाको दर्ता, दर्ताको शर्त र कार्यविधि, नवीकरण र त्यसको कार्यविधि, संस्थाको नियमन, निलम्बन वा खारेजी, संस्था दर्ता वा नवीकरण शुल्क, संस्थाले पेश गर्नु पर्ने प्रतिवेदन, संस्थाको अनुगमन, निरीक्षण वा नियमन यस ऐन वा यस ऐन अन्तर्गत बनेको कानून वमोजिम हुनेछ।

(४) उपदफा (१) वमोजिमको अधिकारीले प्रत्येक  आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र केन्द्रीय पञ्जिकाधिकारीलाई आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ।

**२६. निर्देशन दिन सक्नेः**

(१) पञ्जिकाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आफूले दर्ता गरेको संस्थाको काम, कारवाहीलाई अझ बढी मर्यादित, पारदर्शी, समाजसेवी वा कल्याणकारी बनाई यसको दीगोपनलाई सुनिश्चित गर्न समय समयमा सम्बन्धित संस्थालाई लिखित निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) मा उल्लेख भए वमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**२७. उजुरी दिन सक्ने:**

(१) यस ऐनमा अन्यत्र लेखिएकोमा बाहेक यस ऐन वा प्रचलित कानून वमोजिम पञ्जिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन उपर चित्त नबुझ्ने संस्थाले त्यस्तो निर्णय वा निर्देशन भएको मितिले एक्काईस दिनभित्र कार्यकारिणी समितिमा त्यसको पुनरावलोकन हुन वा खारेज गर्न उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको उजुरी प्राप्त भएमा कार्यकारिणी समितिले उजुरी प्राप्त भएको दुई महिना भित्र तोकिए वमोजिम उजुरी उपर निर्णय गरी त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ।

**२८. आचार संहिता:**

(१) कार्य समितिले सम्बन्धित संस्थाको प्रकृति अनुसार कार्य समितिका पदाधिकारी वा सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको आचार संहिता पालना गर्नु सम्बन्धित पदाधिकारी वा सदस्य वा संस्थाको कर्तव्य हुनेछ।

(३) पञ्जिकाधिकारीले समय समयमा संस्था, कार्य समितिका पदाधिकारी वा सदस्यले उपदफा (१) वमोजिमको आचार संहिता पालना गरे नगरेको अनुगमन गर्न वा गराउन सक्नेछ।

**२९. अनुगमन गर्ने:**

(१) पञ्जिकाधिकारीले यस ऐन वमोजिम संस्था संचालन भए वा नभएको आफैँ वा कुनै विशेषज्ञ नियुक्ति गरी अनुगमन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम अनुगमन गर्दा वा गराउँदा अनुगमन गर्ने अधिकारीले सम्बन्धित संस्थाबाट आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद - ७
## सामाजिक संस्था निर्देशक समिति

**३०. सामाजिक संस्था निर्देशक समितिः**

(१) सामाजिक संस्थाको नियमन तथा सञ्चालनका सम्बन्धमा नीतिगत निर्देशन दिन तथा त्यस्ता संस्थाको समन्वय गर्न देहाय वमोजिमको एक सामाजिक संस्था निर्देशक समिति रहनेछः

(क) अध्यक्ष, छथर जोरपाटी गाउँपालिका -अध्यक्ष

(ख) उपाध्यक्ष, छथर जोरपाटी गाउँपालिका -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, छथर जोरपाटी गाउँपालिका -सदस्य

(घ) संयोजक, सामाजिक विकास समिति, छथर जोरपाटी गा.पा. -सदस्य

(ङ) कम्तिमा १ जना महिला सदस्य सहित कार्यपालिका सदस्य ३ जना -सदस्य

(च) संयोजक, आर्थिक विकास समिति -सदस्य

(छ) अध्यक्ष, पालिकास्तरको उद्योग वाणिज्य संघ -सदस्य

(ज) अध्यक्ष, स्थानीय गैर सरकारी संस्था महासंघ -सदस्य

(झ) सामाजिक संस्थाको क्षेत्रमा कम्तिमा पाँच वर्ष अनुभव प्राप्त गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट समितिको सिफारिसमा समितिको अध्यक्षले मनोनित गरेका दुई जना महिला सहित तीन जना -सदस्य

(ञ) पञ्जिकाधिकारी -सदस्य सचिव

(२) समितिको बैठकमा सामाजिक संस्थाका विशेषज्ञ, सामाजिक संस्था महासंघका कुनै पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (झ) वमोजिम मनोनित सदस्यको पदावधि नियुक्त भएको मितिले दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

**३१. सामाजिक संस्था निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको कार्यसूची सात दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैं निर्धारण गरेवमोजिम हुनेछ।

**३२. सामाजिक संस्था निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा उल्लेख भएका अन्य काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) संस्थाको समन्वय, सञ्चालन तथा परिचालनको एक नेतृत्वदायी समितिको रुपमा काम गर्ने,

(ख) संस्थाको नियमन, सञ्चालन तथा अनुगमन सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयनका लागि पञ्जिकाधिकारीलाई निर्देशन दिने,

(ग) संस्थाको नियमन तथा सञ्चालनका क्षेत्रमा गर्नु पर्ने समग्र नीतिगत, कानूनी र संस्थागत सुधारका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई समय समयमा सुझाव दिने,

(घ) संस्थाको नियमित अनुगमनको मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) समाज सेवालाई मानव सेवाको एक आधार स्तम्भको रुपमा विकास गरी नागरिकलाई स्वेच्छाले समाज सेवा प्रति उत्प्रेरित गर्न आवश्यक नीति र कार्यक्रम बनाई कार्यान्वयन गर्ने वा गराउने,

(च) स्वयं सेवाको भावना प्रवर्द्धन गरी स्वयं सेवालई नागरिक सेवाको उत्कृष्ट सेवाको स्वरुपमा विकास गरी नागरिकलाई स्वयं सेवा गर्न उत्प्रेरणा गर्ने कार्यक्रम सञ्चालन गर्ने वा गराउने।

**३३. कार्यदल गठन गर्न सक्ने:**

(१) निर्देशक समितिले सम्पादन गर्नु पर्ने कुनै विषयमा अध्ययन र अनुसन्धान गर्न समितिको कुनै सदस्य वा नेपाल सरकारको कुनै अधिकृत वा कुनै विषयविज्ञको संयोजकत्वमा समितिले कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस अफ रेफरेन्स) तथा सुविधा समितिले गठन गर्दाका बखत निर्धारण गरे वमोजिम हुनेछ ।

**३४. सामाजिक संस्था समन्वय समिति:**

(१) दर्ता भएका र सूचिकृत भएका सामाजिक संस्थाको सञ्चालन तथा नियमनका सम्बन्धमा आवश्यक समन्वय र सम्पर्क गर्न र देहाय वमोजिमको समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (ग) गैर सरकारी संस्था हेर्ने शाखा प्रमुख | -सदस्य-सचिव |

(२) उपदफा (१) वमोजिमको समितिको काम तथा कर्तव्य, बैठक सम्बन्धी कुरा र अन्य विषय तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ८

## संस्थाको कोष, लेखा, लेखापरीक्षण तथा सम्पत्तिको व्यवस्थापन

**३५. संस्थाको कोष:**

(१) आफ्नो उद्देश्य पूरा गर्नका लागि आवश्यक कार्यक्रम वा आयोजना सञ्चालन गर्न वा काम कारवाही गर्न वा गराउन संस्थाको एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछन् ।

(क) सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क वापत प्राप्त रकम,

(ख) संस्थाले उत्पादन गरेका कुनै प्रकाशनको विक्रीबाट प्राप्त रकम,

(ग) संस्थालाई तत्काल आवश्यक नभएको रकम लगानीबाट प्राप्त प्रतिफल वापतको रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै सरकारी संस्थाबाट कुनै किसिमले प्राप्त गरेको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाबाट अन्य कुनै किसिमबाट प्राप्त रकम ।

(३) संस्थाले उपदफा (२) वमोजिमको रकम प्राप्त गर्दा बैंकिङ्ग प्रणाली मार्फत रकम हस्तान्तरण गरी प्राप्त गर्नु पर्नेछ ।

**३६. संस्थाको खाता सञ्चालनः**

(१) संस्थाले दफा ३५ वमोजिमको रकम बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको खाता विधानमा व्यवस्था भए वमोजिम वा कार्य समितिको निर्णय वमोजिम त्यस्तो समितिका कम्तिमा ३ जना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ साथै सो मध्येबाट एकजना अनिवार्य महिला हुनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम रकम जम्मा गरी प्राप्त गरेको प्रतिफललाई मुनाफा प्राप्त गरेको मानिने छैन ।

**३७. संस्थाको लेखाः**

(१) संस्थाले आफ्नो आर्थिक कारोवारको विवरण पारदर्शी ढँगबाट कायम राख्न आवश्यक खाता, वही र स्रेस्ता राख्नु पर्नेछ र त्यस्तो खाता विद्युतीय माध्यम वा स्वरुपमा पनि राख्न सकिनेछ ।

(२) कार्य समितिले उपदफा (१) वमोजिमका खाता, बही र स्रेस्ताको विवरण कम्तिमा पन्ध्र दिनको अवधि भित्र सदस्यहरुले हेर्न पाउने गरी प्रत्येक आर्थिक वर्षका लागि समय निर्धारण गरी सदस्यहरुलाई सूचना गर्नु पर्नेछ ।

(३) संस्थाको रकम हिनामिना भएको कुनै उजुरी परेमा पञ्जिकाधिकारीले कुनै पनि बखत संस्थाको लेखा, खाता, बही, स्रेस्ता निरीक्षण गर्न वा गराउन सक्नेछ ।

**३८. लेखापरीक्षणः**

(१) संस्थाको लेखापरीक्षण गाउँपालिकामा सूचिकृत गरेको लेखापरीक्षक मध्येबाट साधारण सभाबाट नियुक्त लेखा परीक्षकले दफा ३७ वमोजिम राखेको लेखाको लेखापरीक्षण गर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र दफा २२ वमोजिम पेश गर्ने प्रतिवेदनमा लेखापरीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ र त्यस्तो लेखा परीक्षकको सेवा शुल्क सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

**३९. सम्पत्तिको व्यवस्थापनः**

(१) संस्थाले आफ्नो चल, अचल, भौतिक, अभौतिक वा मूर्त वा अमूर्त सम्पत्तिको विवरण सहितको लगत अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम राखिएको लगत सदस्यको निरीक्षणको लागि प्रत्येक वर्ष कम्तिमा पन्ध्र दिनको सूचना दिई कम्तिमा पन्ध्र दिनको लागि खुला गर्नु पर्नेछ।

(३) उपदफा (१) वमोजिमको लगत कार्य समितिको प्रतिवेदन सहित वार्षिक साधारण सभामा पेश गर्नु पर्नेछ।

## परिच्छेद —९

## विशेष प्रकृतिका संस्थाको सञ्चालन तथा नियमन

**४०. राजनैतिक दलसँग सम्बद्ध संस्थाः**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि राजनैतिक दलसँग सम्बन्धित त्यस्ता दलका विभिन्न जनवर्गिय, पेशागत वा भातृ वा भगिनी संस्था वा प्रचलित कानून बमोजिम दर्ता हुने ट्रेड युनियन यस ऐन बमोजिम दर्ता हुन सक्ने छैन र त्यस्ता संस्थाका सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुनेछैन।

**४१. सम्झौता बमोजिम हुनेः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय महत्व वा सरोकारका विषयमा कुनै खास प्रकृतिको परियोजना संचालन गर्न वा कुनै खास प्रकृतिको कार्य सम्पादन गर्न कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल सरकारसँग सम्झौता गरी त्यस्तो काम गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका संस्थाले नेपालमा सम्पादन गर्ने काम वा परियोजनाको प्रकृति, त्यसमा लाग्ने रकम, कार्य सम्पादन वा परियोजना कार्यान्वयन विधि, मानवस्रोत, कार्यक्षेत्र, प्रतिवेदन दिनु पर्ने विषय, त्यस्तो संस्थाले पाउने छूट, सुविधा तथा अन्य व्यवस्था उपदफा (१) मा उल्लिखित सम्झौता बमोजिम हुनेछ।

तर त्यस्तो सम्झौतामा उल्लेख नभएका विषयमा यस ऐनका व्यवस्था लागू हुनेछन।

## परिच्छेद — १०
## निलम्वन तथा विघटन

**४२. संस्था वा पदाधिकारीको निलम्बनः**

(१) देहायको अवस्थामा देहायको अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछः

(क) कुनै संस्थाले दफा १४ बमोजिम संस्था नवीकरण नगराएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले छ महिनाको अवधिसम्म,

(ख) कुनै संस्थाले दफा २२ बमोजिम पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम दिनसम्मको अवधिमा नबढाई त्यस्तो प्रतिवेदन पेश नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम अवस्था उत्पन्न भई संस्था निलम्बन भएमा सम्बन्धित संस्थाले सो सम्बन्धमा यथाशिघ्र पंजिकाधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको संस्थाको निलम्बनको अविधिभित्र नवीकरण गराएमा वा वार्षिक प्रतिवेदन पेश गरेमा नवीकरण गराएको वा प्रतिवेदन पेश गरेको मितिबाट स्वतः निलम्बन अन्त्य हुनेछ ।

(४) कार्य समितिको कुनै पदाधिकारी वा सदस्यले दफा २१ को उपदफा (१) बमोजिमको कुनै काम गरेको कारणले त्यस्ता पदाधिकारी वा सदस्यका विरुद्ध कानून बमोजिम मुद्दा दायर भएमा वा प्रचलित कानून बमोजिम निज थुनामा रहेको अवधिभर निज स्वतः निलम्बन हुनेछ ।

(५) उपदफा (१) बमोजिम संस्था निलम्बन भएमा निलम्बन फुकुवा हुनका लागि गर्नु पर्ने आवश्यक काम बाहेक अन्य कुनै काम गर्न सक्ने छैन ।

**४३. संस्थाको विघटन**

(१) देहायको अवस्थामा पंजिकाधिकारीले संस्था विघटन गर्ने आदेश दिन सक्नेछः

(क) विधान बमोजिम साधारण सभाबाट संस्था विघटन गर्ने प्रस्ताव पारित गरी कार्य समितिले पंजिकाधिकारी समक्ष निवेदन दिएमा,

(ख) यस ऐन वा विधान बमोजिम संस्थाको उद्देश्य पूरा गर्नका लागि कार्य संचालन गर्न नसकेको कारण देखाई कार्य समितिले संस्था विघटन गर्न पंजिकाधिकारी समक्ष निवेदन दिएमा,

(ग) दफा ४२ को उपदफा (५) बमोजिम संस्था निलम्बनको अवधिभर संस्थाले आफ्नो काम कारवाहीमा सुधार नगरेमा।

(२) कुनै संस्था वा संस्थाको तर्फबाट वा त्यस्तो संस्थाभित्र दफा २१ को उपदफा (१) बमोजिम कसूर वा संगठीत अपराध गरेको अदालतबाट ठहर भएमा त्यस्तो संस्था स्वतः विघटन भएको मानिनेछ।

तर त्यस्तो कसूर वा अपराध भएको विषयमा सम्बन्धित संस्थाले अधिकार प्राप्त अधिकारीलाई जानकारी दिएमा वा त्यस्तो कसूर वा अपराध गर्ने व्यक्तिलाई मुद्दा दायर हुनु अघि सदस्यबाट हटाएमा त्यस्तो संस्था विघटन हुने छैन।

(३) उपदफा (१) वा (२) बमोजिमको कारण उत्पन्न भएमा पंजिकाधिकारीले पन्ध्र दिनको समय दिई संस्था विघटन गर्नु नपर्ने कुनै कारण भए त्यसको स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनासिव देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न काम गर्न दिनेछ।

(५) उपदफा (३) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा पंजिकाधिकारीले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ।

(६) यस दफा बमोजिमको संस्था विघटनको आदेशमा चित्त नबुझ्ने व्यक्तिले स्थानीय पंजिकाधिकारीले दिएको आदेश उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदा गर्न सक्नेछ।

**४४. संस्था विघटनको परिणामः**

(१) दफा ४३ बमोजिम कुनै संस्था स्वतः विघटन भएमा वा पंजिकाधिकारीले त्यस्तो संस्था विघटन गर्ने आदेश दिएमा त्यसरी विघटन भएमो संस्थाको सम्पत्ति स्थानीय तहमा स्वतः हस्तान्तरण भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सम्पत्तिको स्वामीत्व एक वर्षसम्म स्थानीय तहले आफ्नो नाममा राख्नुपर्नेछ र एक वर्ष पछि

स्थानीय तहले चाहेमा त्यस्तै प्रकृतिको उद्देश्य भएको अन्य कुनै संस्थालाई हस्तान्तरण गर्न वा अन्य कुनै कल्याणकारी काममा प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद –११
## कसूर, सजाय तथा जरिवाना

**४५. कसूर तथा सजायः**

(१) कुनै व्यक्ति वा संस्थाले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) यस ऐन बमोजिम संस्था दर्ताको प्रमाण-पत्र प्राप्त नगरी कसैले संस्था स्थापना गरेमा, सदस्यता वितरण गरेमा, संस्थाको काम कारवाही संचालन गरेमा वा कुनै रकम संकलन गरेमा,

(ख) दफा २३ बमोजिम अनुमति-पत्र प्राप्त नगरी कुनै विदेशी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले यस स्थानीय तहमा कार्यक्रम परियोजना आदी सञ्चालन गरेमा,

(ग) यस ऐन वमोजिम विघटन वा निलम्बन भएको संस्थाले कुनै काम गरेमा,

(घ) दफा १५ विपरित विदेशी नागरिकलाई संस्थाको सदस्यता वितरण गरेमा ।

(२) उपदफा (१) वमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सामाजिक संस्था निर्देशक समितिको सिफारिसमा छथर जोरपाटी गाउँ कार्यपालिकाको निर्णयानुसार देहाय वमोजिम जरिवाना हुनेछ । साथै पुनः सोही कसूर दोहोऱ्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछः

(क) उपदफा (१) को खण्ड (क) वा (ग) वमोजिमको कसूर भए पन्ध्र हजार रुपैयाँसम्म जरिवाना,

(ख) उपदफा (१) को खण्ड (ख) वमोजिम कसूर भए पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(ग) उपदफा (१) को खण्ड (घ) वमोजिमको  कसूर भए तीस हजार रुपैयाँसम्म जरिवाना ।

(३) यस दफा वमोजिमको कसूर मानिने कुनै काम प्रचलित कानून वमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सोही कानून वमोजिम कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ख) वमोजिमको कसूर गर्ने विदेशी नागरिकको प्रवेशाज्ञा रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

**४६. जरिवाना गर्न सक्ने:**

(१) पंजिकाधिकारीले देहायको अवस्थामा सम्बन्धित संस्थालाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। पुनः सोही कसुर दोहार्याएमा पटकै पिच्छे दोब्बार जरिवाना हुनेछ।

क) दफा १२ विपरित विधान लागू गरेमा,

ख) दफा ३५ को उपदफा (३) विपरित नेपाल सरकारको अनुमति प्राप्त नगरी रकम प्राप्त गरेमा,

ग) दफा ३९ बमोजिम सम्पत्तिको लगत नराखेमा,

घ) दफा २६ बमोजिम निर्देशन वा दफा २८ बमोजिमको आचार संहिता पालना नगरेमा,

ङ) दफा २९ को उपदफा (२) बमोजिम कागजात वा विवरण उपलब्ध नगराएमा,

च) यस ऐन बमोजिम संस्थाले गर्नु पर्ने कुनै काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नु अघि पंजिकाधिकारीले छथर जोरपाटी गाउँपालिकाबाट निर्णय गराउनु पर्ने छ।

## परिच्छेद - १३
## विविध

४७. **पुरस्कार, सम्मान-पत्र वा प्रसंशा-पत्र दिन सकिने:**

(१) छथर जोरपाटी गाउँपालिकाले निर्देशक समितिको सिफारिसमा प्रत्येक वर्ष समाज सेवा वा सामाजिक संस्थाका क्षेत्रमा काम गर्ने व्यक्ति वा सामाजिक संस्थाहरुमध्ये उत्कृष्ट, असाधारण र उल्लेखनीय काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार, सम्मान-पत्र वा प्रसंशा-पत्र प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारमध्ये एक गाउँपालिका समाजसेवा पुरस्कार र ६ वटा वडा स्तरको समाजसेवा पुरस्कार हुनेछन्।

(३) पुरस्कार तथा सम्मान-पत्र र प्रंसशा-पत्र प्रदान गर्ने कर्याविधि, पुरस्कारको रकम, छनौट विधि र आधार तथा त्यस सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

**४८. सम्पत्ति हस्तान्तरण हुन सक्नेः**

यो ऐन प्रारम्भ हुनु अघि नै विघटन भई तत्काल प्रचलित कानून बमोजिम गाउँपालिकामा हस्तान्तरण भएको सम्पत्ति यो ऐन प्रारम्भ भएको तीन महिना भित्र, गाउँपालिकाले उचित ठहराएको संस्थालाई प्रदान गर्न सक्नेछ।

**४९. नियम बनाउनेः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न छथर जोरपाटी गाउँपालिकाले नियम बनाउन सक्नेछ।

**५०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः**

यस ऐन अन्तर्गत गर्न नहुने वा गर्न नसक्ने कुनै काम प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा मुद्दा चलाउन यस ऐनले बाधा पुर्याएको मानिने छैन।

**५१. खास प्रकृतिको संस्थाको दर्ता तथा संचालनः**

कुनै खास संस्था वा खास किसिमको संस्थाको दर्ता, संचालन वा नियमनका सम्बन्धमा प्रचलित कानूनमा छुटै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्थाको दर्ता, संचालन वा नियमनका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ।

**५२. बचाऊ र लागु नहुनेः**

(१) प्रचालित कानून बमोजिम दर्ता भई कार्यरत संस्थाले यो ऐन लागु भएको मितिको ६ महिना भित्र स्वीकृति वा सूचिकृत गरी स्वीकृत कार्यक्रम सञ्चालन गरेकोमा यस ऐन बमोजिम भए गरेको मानिन्छ।

(२) यस ऐनमा उल्लेखित दफाहरु तथा उपदफाहरु संविधान, संघीय ऐन तथा प्रदेश.नं.१ को ऐन को दफा तथा उपदफाहरुसँग बाझिएमा बाझिएको हदसम्म यस ऐनका दफा तथा उपदफाहरु स्वतः निष्क्रिय हुनेछ।

(३) उपदफा (१) बमोजिम कुनै संस्था गुठीको रुपमा कार्य सम्पादन गर्ने गरी दर्ता भएको रहेछ भने त्यस्तो संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र प्रचलित कानून बमोजिम गुठीको रुपमा दर्ता गराउनु पर्नेछ।

## अनुसूची - १
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## दर्ता दर्खास्तको नमूना

मितिः ............./......./......

श्री पञ्जिकाधिकारीज्यू,
छथर जोरपाटी गाउँपालिका,
जोरपाटी, धनकुटा।

विषयः *सामाजिक संस्था दर्ता सम्बन्धमा।*

महोदय्

प्रस्तुत विषयमा हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको सामाजिक संस्था दर्ता गरी पाउँ भनी निवेदन गर्दछौँ। उद्देश्य अनुरुप यस संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ।

**देहायः**

सामाजिक संस्था सम्बन्धी विवरणः

(क) प्रस्तावित संस्थाको नामः

(ख) ठेगानाः

(ग) उद्देश्यः

(घ) मुख्य कार्यः

(ङ) कार्यक्षेत्रः

(च) दायित्वः

(छ) सदस्य संख्याः

१. महिला .......... जना।

२. पुरुष .............. जना।

(ज) संस्थाका पदाधिकारीहरुलाई कुनै पनि कानून वा फोजदारी मुद्दा नलागेको र प्रचलित कानून वमोजिम अयोग्य नठहरिएको स्वघोषणा।

## अनुसूची २
### (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

छथर जोरपाटी गाउँपालिकाको कार्यालय।

## सामाजिक संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं. ...............

छथर जोरपाटी गाउँपालिकाको सामाजिक संस्था ऐन, २०७६ को दफा १० वमोजिम श्री ...................................................................... लाई कार्य समितिको दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विधान सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरणः

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

## अनुसूची ३
## (दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**संस्थाको विधानमा रहनु पर्ने विषयहरुः**

१. प्रस्तावना

२.विधानको नाम

३. विधान प्रारम्भ हुने मिति

४. संस्थाको पुरा नाम र छोटकारी नाम भए त्यस्तो नाम

५. संस्थाको उद्देश्य तथा संस्थाले सम्पादन गर्ने काम

६. संस्थाको कार्यक्षेत्र

७. संस्थाको कार्यालय रहने ठेगाना

८. संस्थाका सदस्यको किसिम र सदस्यता वितरण गर्ने कार्यविधिगत व्यवस्था

९. मानार्थ **सदस्य** दिन सकिने भए त्यसको व्यवस्था

१०. सदस्यको विवरण किताब

११. संस्थाको साधारण सभा वा विशेष साधारण सभा

१२. संस्थाको कार्य समितिको गठन (यस समिति गठन गर्दा अध्यक्ष वा सचिव मध्ये १ महिला अनिवार्य हुनु पर्नेछ।)

१३. संस्थाको आर्थिक स्रोतको विवरण

१४. संस्थाको शाखा खोल्न सकिने भए सोको व्यवस्था

१५. संस्थाको लेखा, लेखापरीक्षकको नियुक्ति र लेखापरीक्षण

१६. संस्थाको विधान संशोधन सम्बन्धी व्यवस्था

१७. संस्थाले कुनै कल्याणकारी परियोजना संचालन वा कार्यान्वयन गर्ने भए त्यस्तो व्यवस्था

१८.विनियमावली बनाउने अधिकार

१९. संस्था विघटन हुन सक्ने अवस्था

२०. अन्य आवश्यक विवरण (संस्थाको प्रकृति बमोजिम आवश्यक व्यवस्था थप गर्न सकिनेछ )

प्रमाणिकरण मितिः ............../........./.........

आज्ञाले

.......................

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका